BUTWAL POWER COMPANY LIMITED

आर्थिक वर्ष
०६५/६६

बुटवल पावर कम्पनी लिमिटेड

वार्षिक प्रतिवेदन

www.bpc.com.np

बुटवल पावर कम्पनी लिमिटेड

सत्रौं वार्षिक साधारण सभाको सूचना

शेयरधनीज्यू,

मिति २०६६/८/१४ (तद्नुसार २९ नोभेम्वर २००९) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएको हुंदा साधारण सभामा उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मनोनित गरी पठाउनु हुन हार्दिक अनुरोध छ।

साधारण सभा हुने मिति, स्थान र समय :

मिति : २०६६ पौष २४ गते, शुक्रवार (तद्नुसार जनवरी ८, २०१०) ।
स्थान : कम्पनीको कार्यालय, बुद्धनगर, काठमाण्डौ ।
समय : विहान ११:०० बजे ।

छलफलका विषयहरू :

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।
२. आ.व. २०६५।६६ को लेखापरीक्षकको प्रतिवेदन तथा वासलात, वार्षिक नाफानोक्सानको हिसाब विवरण र नगद प्रवाह विवरण उपर छलफल गरी पारीत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०६६/६७ को लागि लेखापरीक्षकको नियूक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूंजीको २०% नगद लाभांश स्विकृत गर्ने ।
५. सञ्चालक समितिले सिफारिस गरे वमोजिम १०% वोनस शेयर जारी गर्ने विषेश प्रस्ताव परीत गर्ने ।
६. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संसोधनको विषेश प्रस्ताव पारीत गर्ने ।
७. १००:६७ को अनुपातमा हकप्रद शेयर जारी गर्ने विषेश प्रस्ताव पारीत गर्ने ।
८. सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्ने ।
९. विविध ।

साधारण सभा सम्बन्धी सामान्य जानकारी:

१. कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०६६ पौष ३ गते शुक्रवार देखि २०६६ पौष २४ गते शुक्रवार सम्म वन्द रहने छ ।
२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी कम्पनीको रजिष्ट्रर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ मा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात २०६६।९।२१ गते विहान ११:०० वजे भित्र दर्ता गरी सक्नु पर्नेछ ।
३. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रतिनिधिपत्र वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रतिनिधिपत्र दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रतिनिधिपत्रले मान्यता पाउने छ ।
४. प्रतिनिधि मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रतिनिधिपत्र स्वतः वदर हुनेछ । तर, त्यस्तो जानकारी हाजिर पुस्तिका खुल्ला रहने अवधी भित्रै दिनुपर्ने छ नदिएमा प्रतिनिधिपत्रनै कायम हुनेछ ।
५. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजे देखि अपरान्ह १:०० वजेसम्म खुल्ला रहनेछ । परिचय नं. (शेयर धनी नं.) को आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुंदा शेयरधनी महानुभावले आफ्नो परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः शेयर प्रमाणपत्र, नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गरिदिनु हुन अनुरोधछ ।
६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

८. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले आफ्नो नाममा कम्तीमा ५० कित्ता शेयर लिएको हुनुपर्छ ।

९. संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

११. शेयरवालाको नाम, शेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्द हुनेछ ।

१२. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा एन.आई.डि.सि. क्यापिटल मार्केट्स लिमिटेड, कमलपोखरी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोधछ ।

१३. यस कम्पनीको संचालक निर्वाचन निर्देशिका कम्पनीको रजिष्टर्ड कार्यालयवाट रू. १०० शुल्क तिरी प्राप्त गर्न सकिनेछ । निर्वाचन सम्बन्धी अन्य जानकारी तथा कार्यक्रम सम्बन्धी सूचना २०६६ पौष १६ गतेका दिन अपरान्ह ४.०० वजे कम्पनीको रजिष्टर्ड कार्यालय र एन.आई.डि.सि. क्यापिटल मार्केट्स लिमिटेडको सूचना पाटीमा टाँसिनेछ ।

संचालक समितिको आज्ञाले

मुरली प्रसाद शर्मा
कम्पनी सचिव

संचालक समितिको प्रतिवेदन

(१७ औं वार्षिक साधारण सभामा शेयरधनीहरू समक्ष प्रस्तुत)

शेयरधनी महानुभावहरू,

गत वर्ष खस्किदो अवस्थामा देखिएको विश्व अर्थव्यवस्था सक्रिय सरकारी हस्तक्षेपहरूका कारण सामान्य अवस्थामा फर्कनको लागि कडा प्रयत्न गरिरहेको छ । हालका महिनाहरूमा अपेक्षित स्थायित्व तथा थोरै भएपनि वृद्धिका संकेतहरू देखिएका छन् । विश्व अर्थ व्यवस्थाका अतिरिक्त जलवायू परिवर्तन तथा जलवायू परिवर्तनका विरूद्ध लड्नु सबै विकसित तथा विकासशिल राष्ट्रहरूको सरोकारको विषयहरू हुन् ।

यद्यपी नेपालको अर्थव्यवस्था खस्किदो विश्व अर्थव्यवस्थावाट त्यति धेरै प्रभावित नभएतापनि आन्तरिक राजनैतिक अस्थिरता एवं विद्युत संकटको कारणले गर्दा राष्ट्रिय अर्थव्यवस्था खस्किदो अवस्था तर्फ धकेलिन पुगे कोछ । सुख्खायाममा नदीहरूको वहावमा कमी तथा ढिलो गरी हल्का मौसमी वर्षा भएकोले नेपालका जलविद्युत उत्पादन कम्पनीहरूलाई जलविद्युत केन्द्रहरूको जडित क्षमता अनुरूप विद्युत उत्पादन गर्न कठिनाई भयो ।

बिपिसिको लक्ष तथा रणनीतिक व्यापारिक हित बढ्दो स्वच्छ उर्जाको माग पुरा गर्ने विषयसंग गाँसिएकोछ । तपाईहरूले बिपिसिमा लगानी गरेर स्वच्छ उर्जाको पहल कदमीमा संलग्न हुन पाउँदा गर्व महशुस गर्नु हुनेछ भन्ने हामीले आशा राखेका छौं । हामी तपाईहरूको लगानी प्रति वास्तवमै आभारी छौ । असंख्य वाह्य चुनौ तीहरू एवं जाडो तथा गर्मी अघिको प्रतिकुल मौसमका वावजुद आ.व. २०६५।६६ विपिसिको लागि सफल वर्ष रह्यो । व्यावसायिक इकाईहरूले सन्तोषजनक ढंगले कार्य सम्पादन गरे । निश्चितरूपमा हामी अहिले विस्तारको अवस्थामा रहेका छौं ।

कम्पनीले आ.व. २०६५।६६ मा गरेको कार्य सम्पादनका मुख्य अंशहरू प्रस्तुत गर्न पाउँदा संचालक समिति खुसी व्यक्त गर्दछ । वित्तिय झलकहरू तल उल्लेख गरिए अनुसार रहेकाछन् ।

विवरण	२०६५/०६६ रू. हजारमा	२०६४/०६५ रू. हजारमा	फरक %
थोक विद्युत विक्रीबाट आम्दानी	३७५,१०३	३७२,५२२	०.७०
उपभोक्तालाई विद्युत र सेवा विक्रीबाट आम्दानी	६३,७३७	५५,३१७	१५.२२
इन्जिनियरिङ तथा परामर्श सेवाबाट आम्दनी	२८,१०८	१८,८९४	४८.७७
जम्मा संचालन आम्दानी	४६६,९४८	४४६,७३२	४.५२
जम्मा संचालन खर्च	१५६,१४८	१४७,६८५	५.७३
कूल संचालन नाफा	३१०,८००	२९९,०४६	३.९३
अन्य आय	१६०,०३४	१९९,००७	-१९.६२
प्रशासनिक तथा अन्य खर्च	१५७,३३६	१२५,२७०	२५.६०
वाँडफाँड अघीको खुद मुनाफा	२९१,५९२	३५३,८७९	-१७.६०
प्रतिशेयर आम्दानी रू.	३४.७५	४२.१८	-१७.६०
नेटवर्थ रू. दश लाखमा	१,४१७	१,२९४	९.५०

१. कार्य सम्पादन समिक्षा

आ.व. २०६५।६६ मा व्यवसायिक इकाईहरूको कार्य सम्पादन निम्न अनुसार रह्यो ।

१.१. उत्पादन व्यवसाय

हाइड्रोलोजी सम्वन्धी चुनौतिका वावजुद झिमरूक तथा आँधिखोला दुवै विद्युत केन्द्रहरू प्रभावकारीरूपमा संचालनमा रहे र कुल १०१.२ गेगावाट आवर विद्युत उत्पादन गरे ।

५.१ मेगावाट क्षमताको आँधिखोला जलविद्युत केन्द्रले ८२.०८% क्षमतामा संचालनमा रही ३६.६७ गेगा वाट आवर विद्युत उत्पादन गऱ्यो जुन गत वर्षको उत्पादन ४०.२० गेगावाट आवरको तुलनामा ८.७८% कम हुन जान्छ ।

१२ मेगावाट क्षमताको झिमरूक जलविद्युत केन्द्रले ६१.४% क्षमतामा संचालनमा रही ६४.५४ गेगावाट आवर विद्युत उत्पादन गऱ्यो जुन गत वर्षको उत्पादन ६७.१९ गेगावाट आवरको तुलनामा ३.९५% कम हुन जान्छ ।

सुख्खा याममा पानीको वहावमा आएको कमीका कारणवाट विद्युत उत्पादनमा कमी हुन गएको थियो । यो दशकमा यो वर्ष भरीनै खासगरी चैत्र तथा वैसाख महिनामा नदीमा पानीको वहाव सवै भन्दा कम रह्यो । नदीको वहाव अनपेक्षितरूपमा कम नभएको समयमा विद्युत केन्द्रहरूवाट भएको विद्युत उत्पादन सन्तोषजनक थियो ।

१.२. वितरण व्यवसाय

स्याङजा, पाल्पा, प्यूठान र अर्घाखाँची जिल्लामा फैलिएको विपिसिको वितरण व्यवसायको ग्रामिण विद्युतीकरण विस्तार परियोजना मार्फत वितरण संजालको विस्तार तथा उपभोक्ता थप गर्ने कार्य जारी रह्यो । वर्ष भरीमा २६५३ नयाँ उपभोक्ताहरू थपिएका छन् भने तोकिएको परिणाममा मात्र विद्युत उपभोग गर्न पाउने (कटआउट) समूहका २३०५ उपभोक्तहरूलाई मिटर समूहमा परिवर्तन गरिएको छ ।

विपिसिले १३.३५ गेगावाट आवर विद्युत उपभोक्ताहरूलाई विक्री गऱ्यो, जुन गत वर्ष विक्री गरिएको १२.९५ गेगावाट आवरमा ३.७% ले वृद्धि हो । कुल विद्युत चुहावटको प्रतिशत १५.९% रह्यो ।

वितरण प्रणालीको विश्वसनियता ९७% रह्यो । सन् १९९० वाट ग्रामिण क्षेत्रहरूमा सेवा दिने हेतुले शुरू भएको विपिसिको वितरण व्यवसाय विद्युत नोक्सान घटाउने, विद्युत प्रणालिको विश्वसनियता बढाउने तथा नाफा घाटा सन्तुलन (Breakeven) मा ल्याउने तर्फ केन्द्रित छ ।

१.३. इन्जिनियरिङ व्यवसाय

विपिसिको इन्जिनियरिङ व्यवसायले गत वर्ष रू. १८,९००,००० आम्दानी गरेकोमा यस वर्ष रू. २८,११०,००० आम्दानी गरी राम्रो कार्य सम्पादन गऱ्यो । साथै, गत वर्ष प्रति कर्मचारी उत्पादकत्व रू. १६०,८६४ रहेकोमा यस वर्ष दोब्बर वृद्धिगरी रू. ३१४,१८२ पुऱ्याउन सफल भयो ।

विपिसिले आठवाटा ठेक्का (Contracts) सम्पन्न गऱ्यो र छ वटा नयाँ ठेक्का प्राप्त गरेको छ । हाल आठवटा ठेक्का चालु छन् र भुटान तथा दक्षिण अफ्रिकामा नयाँ ठेक्काहरू लिने सम्वन्धमा सोचिरहे को छ ।

२. व्यवसाय पूर्नसंरचना

विपिसिले विद्युत उत्पादन तथा वितरण र इन्जिनियरिङ तथा परामर्श सेवा व्यवसायहरू गरिरहँदा विद्युत उत्पादन तथा इन्जिनियरिङ तथा परामर्श सेवा व्यवसायहरूको द्रुत गतिमा विकास हुने उच्च संभावनाहरू देखिएको छ । परियोजनाहरूको विकास गर्न विशेष उद्देश्य भएका साधनहरू (कम्पनीहरू) (Special purpose vehicles) को स्थापना गरी विद्युत उत्पादन विस्तारको कार्यलाई अगाडि बढाइएको छ । विपिसिले इन्जिनियरिङ तथा परामर्श सेवा व्यवसायको पुर्नसंरचना गरेको छ । त्यसको परिणाम स्वरूप विपिसिले हाइड्रो कन्सल्ट प्रा.लि. प्राप्ती (Acquire) गरी आफ्नो इन्जिनियरिङ तथा परामर्श व्यवसायलाई उक्त कम्पनीमा विलय (Merge) गरेको छ । विपिसिले उक्त पूर्नसंरचना गरिएको कम्पनीको ७५% शेयर लिएको छ जुन केही समय पश्चात वृद्धि भई ८०% हुनेछ । यस कम्पनीलाई कम्पनी रजिष्ट्रारको कार्यलयको सहमतिलिई विपिसि हाइड्रो कन्सल्ट लि. नामाकरण गरिने छ । यस पहल कदमीवाट वहुराष्ट्रिय कम्पनीहरूसंग साझेदारी गरी तथा विस्तारित विश्व वजारलाई उपयोग गरी व्यवसाय विस्तार तथा क्षमता वृद्धि गर्न मद्दत पुग्नेछ ।

३. संचालक समिति तथा सो अर्न्तगतका समितिहरू

संचालक समितिको प्रतिनिधित्वमा केही परिवर्तनहरू भएका छन् । सर्वसाधारण शेयर धनीहरूको प्रतिनिधित्व गर्ने संचालक श्री सन्तोष कुमार प्रधानको पदावधी २०६६ आषाढ ३ गते पुरा

भयो । उक्त रिक्त स्थानमा १७ औं वार्षिक साधारण सभा नभइन्जेल सम्मको लागि निज प्रधान पून नियूक्त हुनु भएको थियो । इन्टक्राफ्ट नेपाल ए.एस. वाट डा. के.वि. रोकायाले गर्नु भएको राजिनामाका सम्वन्धमा संचालक समितिलाई २०६६ वैशाख ३१ गते जानकारी प्राप्त भएको थियो । इन्टक्राफ्ट नेपाल ए.एस.ले हालसम्म वैकल्पिक संचालकको मनोनयन गरेको छैन । हामी उहाँहरू दुवैजनालाई आफ्नो कार्यकालमा विपिसिमा गर्नु भएको अमूल्य योगदानको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

लेखापरीक्षण समितिले कम्पनीको वित्तिय सुशासनको लागि महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । वजेट समितिले संचालक समितिलाई वजेट पुनरावलोकन, अनुगमन तथा नियन्त्रण गर्ने कार्यमा सहयोग गऱ्यो ।

४. संस्थागत सुशासन

विपिसिले सम्वद्ध पक्षसंगको कारोवारहरू तथा अन्य सम्वन्धित सूचानाहरू आफ्नो संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गर्ने लगायत संस्थागत सुशासन सम्वन्धी विवेकपूर्ण अभ्यासहरूको अवलम्वन गरेकोछ । साथै, संचालक समितिको संरचना, लेखापरीक्षण तथा वजेट समितिहरूको संरचना एवं कार्यहरू, संचालक समिति तथा सो अर्न्तगतका समितिका सदस्यहरूको परिचय र आ.व. २०६५।६६ मा भूक्तान गरिएको वैठक भत्ता तथा अन्य भत्ताहरू सम्वन्धी विवरण संस्थागत सुशासन प्रतिवेदनमा समावेश गरिएको छ ।

५. व्यवस्थापन

विपिसिको व्यवस्थापन प्रमुख कार्यकारी अधिकृत श्री रंजन लोहारको नेतृत्वमा रहेको व्यवसायिक व्यक्तित्वहरूको दरिलो समूहद्धारा संचालित छ ।

आ.व. २०६५।६६ को अन्त सम्ममा २८५ जना पुरूष तथा ३० जना महिला गरी जम्मा ३१५ जना कर्मचारीहरू थिए । आ.व. २०६५।६६ मा भएको व्यवस्थापन खर्च रकम जम्मा रू. ६४,१५९,२२३ रहेको छ, जुन गत आ.व.को भन्दा १९.९% ले वढी हो । व्यवसायको विस्तार तथा देशमा बढेको महङ्गीको कारण कर्मचारीहरूको तलवमा गरिएको वृद्धि व्यवस्थापन खर्च बढ्नुको मुख्य कारणहरू थिए ।
उच्च व्यवस्थापन तथा वरिष्ठ कार्यकारीहरूको सूची संस्थागत सुशासन प्रतिवेदनमा समावेश गरिएको छ ।

६. सहायक तथा सम्वद्ध कम्पनीहरू

आ.व. २०६५।६६ मा सहायक तथा सम्वद्ध कम्पनीहरूको कार्य सम्पादन निम्न अनुसार रह्यो ।

६.१. हिमाल पावर लिमिटेड

विपिसिले ६० मेगावाट क्षमताको खिम्ती १ जलविद्युत केन्द्रको स्वामित्वधारण तथा संचालन गर्ने हिमाल पावर लिमिटेडमा रहेको आफ्नो १४.९% शेयर स्वामित्वलाई जि.ई. इनर्जि, नर्वे र अलस्टम (नर्वे) ए.एस., नर्वेसंग थप ३४८,१६८ कित्ता शेयरहरू खरिद गरेर १६.८८% पुऱ्याएको छ। हिमाल पावर लिमिटेडले आ.व. २०६५।६६ मा रू. १,५८०,५१३,५४५ खुद नाफा आर्जन गऱ्यो।

६.२. विपिसि सर्भिसेज लिमिटेड

विपिसि सर्भिसेज लिमिटेडले खुदी जलविद्युत केन्द्रको संचालन तथा मर्मत संभार सेवाको कार्यलाई निरन्तरता दियो । विपिसि सर्भिसेज लिमिटेडले आ.व. २०६५।६६ मा रू. ७,०२२,००० कारोवार तथा रू.१,३८४,५६४ खुद नाफा आर्जन गऱ्यो ।

६.३. नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेड

देश भित्र हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल इक्विपमेण्टको एक मात्र निर्माणकर्ता नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेडले आ.व. २०६५।६६ मा रू.३१४,०००,०००◆ कारोवार गऱ्यो र रू.१४,१६८,०३६◆ नोक्सान वेहोर्नु पऱ्यो । उक्त नोक्सानी सि.डब्लु.ई–एन.एच.ई संयूक्त उपक्रममा रू. १४,८११,०३६◆ नोक्सानी वेहोर्नु परेको कारणवाट भएको थियो । नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेडले चुखा विद्युत केन्द्रको हाइड्रो टर्वाइन रनरको मर्मत कार्य सफलतापूर्वक सम्पन्न गरे पछि नेपाल तथा भुटानमा वजार विस्तार गरिरहेको छ । नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेडले हालसालै विश्व वैंकले लगानी गरेका धेरै परियोजनाहरू हाता पारेको छ ।

६.४. खुदी हाइड्रोपावर लिमिटेड

४ मेगावाट क्षमताको खुदी जलविद्युत केन्द्रको स्वामित्वधारण तथा संचालन गर्ने खुदी हाइड्रोपावर लिमिटेडले आ.व. २०६५।६६ मा रू. ४३,२७३,०००◆ वरावरको विद्युत विक्री गऱ्यो तर वाढीको कारण खुदी हाइड्रोपावर लिमिटेड आफ्नो विद्युत केन्द्र २०६५ भदौ ११ गते देखि २०६५ माघ १५ गते सम्म पूर्ण रूपमा बन्द गर्न वाध्य भयो, जसको कारण रू. ३६,४३८,४४२◆ नोक्सान वेहोर्नु पऱ्यो । वाढीले विद्युत केन्द्रका इक्विपमेण्टहरू डुवाउनुको साथै पेनस्टक पाइप, एंकर ब्लक तथा संरचनाका अन्य अंशहरूमा नराम्रो संग क्षति पुऱ्यायो । उक्त केन्द्र संचालनमा आए पश्चात निरन्तररूपमा संचालित

◆ अपरिस्कृत

छ र नदीमा पानीको वहावको आधारमा सन्तोषजनकरूपमा विद्युत उत्पादन गरिरहेको छ ।

६.५. न्यादी हाइड्रोपावर लिमिटेड

२० मेगावाट क्षमताको न्यादी जलविद्युत परियोजना निर्माण गर्नको लागि स्थापना गरिएको न्यादी हाइड्रोपावर लिमिटेड निर्माण प्रारम्भको पूर्व सन्ध्यामा गरिने काम कारवाहीहरू हाइड्रोलिक मोडलको अध्ययन तथा विस्तृत डिजाईनको कार्यको अन्तिम चरणमा रहेको छ । यो प्रतिवेदन तयार गर्दाको मिति सम्ममा विपिसिले रू. ३९,६००,००० रकम न्यादी हाइड्रो पावर लिमिटेडमा शेयर लगानी गरिसकेको छ । नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) संग विद्युत खरिद विक्री सम्झौता सम्पन्न गरी विद्युत विकास विभाग (वि.वि.वि.) वाट उत्पादन अनुमतिपत्र प्राप्त हुने वित्तिकै निर्माण प्रारम्भ गरिनेछ ।

६.६. हाइड्रो ल्याव प्रा. लि.

हाइड्रो ल्याव प्रा. लि.ले विभिन्न परियोजनाहरूलाई हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण साथै हेडवार्क्स तथा अन्य सम्वन्धित क्षेत्रमा मोडल अध्ययन सम्वन्धी अनुसन्धान तथा परामर्श सेवा प्रदान गऱ्यो । हाइड्रो ल्याव प्रा.लि.ले आ.व. २०६५।६६ मा रू. ११,७२०,०००◆ कुल कारोवार तथा रू. ५,०९२,१२८◆ खुद नाफा आर्जन गरेको थियो ।

६.७. फिमरूक औधोगिक केन्द्र प्रा. लि.

विपिसिको संस्थागत सामाजिक उत्तरदायित्वको पहल कदमीको रूपमा रहेको फिमरूक औधोगिक केन्द्र प्रा.लि.ले विभिन्न सीपहरू तथा व्यवसायिक विकास सम्वन्धी तालिमहरूलाई निरन्तरता दियो । फिमरूक औधोगिक केन्द्र प्रा.लि.ले आ.व. २०६५।६६ मा रू. २,१२३,००० कारोवार गरेको थियो र यसले रू. ५७८,७०५ नोक्सान वेहोर्नु परेको जनाएको छ ।

६.८ केटोन हाइड्रोपावर लिमिटेड

४२ मेगावाट क्षमताको मर्स्याङदी तेश्रो जलविद्युत परियोजना निर्माणको लागि स्थापना गरिएको केटोन हाइड्रोपावर लिमिटेडले उक्त परियो जनाको संभाव्यता अध्ययन सम्पन्न गरेको छ र वातावरणिय प्रभाव मुल्यांकन अध्ययन गरिरहेको छ । संभाव्यता अध्ययनले उक्त परियोजना रन अफ दि रिभर मोडलमा विकास गर्नको लागि आकर्षक नभएको देखाएको हुँदा केटोन हाइड्रोपावर लिमिटेडले उक्त परियोजनालाई डेल्लि पिकिङ्ग रिजर्भवाएर परियोजनाको रूपमा विकास गर्न परियोजना संभाव्यता मुल्यांकनको लागि प्रारम्भिक अध्ययन गरिरहे को छ । विपिसिले केटोन हाइड्रोपावर लिमिटेडमा रू. १४,४००,००० शेयर लगानी गरेको छ । अध्ययनको निश्कर्ष आए पछि परियोजनाको सम्वन्धमा उचित निर्णय लिइने छ ।

७. निर्माणको क्रममा रहेका परियोजनाहरू

७.१. ९.४ मेगावाट क्षमताको आधीखोला क्षमता वृद्धि परियोजना

स्याङजा जिल्लाको गल्याङ स्थित आँधीखो ला क्षमता वृद्धि परियोजना राम्रो संग अगाडि बढेको छ । ने.वि.प्रा. संग प्रशारण सुविधाको लागि समझदारीपत्रमा हस्ताक्षर भईसकेको छ । विद्युत खरिद विक्रीको सम्झौता उपर छलफल सम्पन्न भईसकेको छ र उक्त सम्झौता सन् २००९ डिसेम्वर भित्रै सम्पन्न हुने अपेक्षा गरिएको छ । सरकारले परियोजनाको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन स्वीकृत गरेको छ र परियोजनाले उत्पादन अनुमतिपत्रको लागि वि.वि.वि.मा निवेदन पेश गरेको छ । स्थानिय वैंक समूहसंग छलफल अगाडि बढिरहेको छ र परियोजनाको कुल ऋण लगानीको आधा रकम उपलब्ध गराउन अन्तराष्ट्रिय वित्तिय संस्था मञ्जुर भएको छ ।

७.२. ९ मेगावाट क्षमताको भिमखोला जलविद्युत परियोजना

भिमखोला जलविद्युत परियोजना वाग्लुङ जिल्लाको भिङगिटीमा अवस्थित छ । उक्त परियोजनाको संभाव्यता अध्ययन पुरा भएको छ र ने.वि.प्रा. संग विद्युत खरिद विक्री सम्झौताका सम्वन्धमा छलफल भई रहेको छ । ने.वि.प्रा.ले विद्युत प्रशारणको लागि पेश गरिएको पहिलो विकल्पमा सहमति नजनाएको ले अर्को वैकल्पिक प्रस्ताव पेश गरिएको छ । सरकारले परियोजनाको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन स्वीकृत गरेको छ ।

७.३. ३० मेगावाट क्षमताको कावेली ए जलविद्युत परियोजना

सरकारले हालै पाँचथर जिल्लमा अवस्थित कावेली ए जलविद्युत परियोजना विपिसि, सांग्रिला इनर्जि लि., एस.सि.पि. हाइड्रो इन्टरनेशनल इन्क, एसिया प्यासिफिक पावर टेक लि. र खुदी हाइड्रो पावर लिमिटेडको संयूक्त उपक्रमलाई प्रदान (Award) गरेको छ । उक्त परियोजना संयूक्त

उपक्रमा सदस्यहरूवाट २०% शेयर लगानी, स्थानिय वैकहरूवाट ४०% ऋण लगानी तथा विश्ववैकले लगानी गरेको विद्युत विकास कोषवाटवाट ४०% ऋण लगानीमा निर्माण, स्वामित्वकरण, संचालन र हस्तान्तरण मोडलमा निर्माण गरिनेछ । उक्त परियोजनाको संपूर्ण शेयर लागानी मध्ये ५४% शेयर स्वमित्व विपिसिको हुनेछ । उक्त परियोजना विकासको लागि परियोजना कम्पनी दर्ताको काम भई रहेकोछ ।

७.४.९३ मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी जलविद्युत परियोजना

विपिसिले मनाङ जिल्लाको दक्षिणी भेगमा अवस्थित लोअर मनाङ मर्स्याङदी जलविद्युत परियोजनाको उत्पादन सर्भेक्षण अनुमतिपत्र प्राप्त गरेको छ । संभाव्यता अध्ययन तथा जमिन (field) को अनुसन्धान सम्वन्धी कार्यहरू प्रारम्भ भएका छन् ।

८. व्यवसायिक वातावरण

सरकारले आगामी वीस वर्षमा २५००० मेगावाट विद्युत उत्पादन गर्ने तथा केही वर्ष भित्रै देशभरीनै विद्युतीकरण सम्पन्न गर्ने आफ्नो लक्ष घोषणा गरेको छ । तर देशमा विद्यमान व्यवसायिक तथा लगानीको वातावरण उक्त महत्वकांक्षी लक्ष हासिल गर्नको लागि अनुकुल छैन । यद्यपी सुधारकालागि विभिन्न प्रयासहरू भइरहेका छन् ।

आउँदा दिनहरूका लागि विद्यमान नीति तथा कानूनी व्यवस्थाहरूमा सुधार, प्रशासनिक प्रक्रियाहरू गतिशिलता, विद्युत प्रशारणको लागि धेरै भरपर्दो प्रशारण सुविधाहरू व्यवस्था, धेरै सहयोगी स्थानिय जनता तथा श्रमिकहरू, विद्युत महशुलको दर पुनरावलोकन तथा सहयोगी सरकार (Facilitative Government) को अपेक्षा गरिएको छ । विद्यमान व्यवसायिक तथा लगानीको वातावरणमा सुधार गर्नको लागि नेपाल उद्योग वाणिज्य महासंघ तथा स्वतन्त्र उर्जा उत्पादक संघसंग मिलेर पहल कदमीहरू लिइएका छन् । उल्लेखित विकास पहलमा विपिसि सक्रिय सहभागी बन्दै आएकोछ ।

९. स्वास्थ्य, सुरक्षा तथा वातावरण

स्वस्थ्य, सुरक्षा तथा वातावरण विपिसिका प्राथमिकता क्षेत्रहरू हुन् । विपिसिका प्रयत्नहरू कर्मचारीहरूलाई सधै कम्पनी भित्र सुहाउँदो काम गर्ने वातावरण कायम गर्नको लागि लक्षित रहेका छन् । विपिसि आ.व.२०६५।६६ मा दुर्घटनाको दरलाई ५०% ले कम गर्न सफल रह्यो । उक्त आ.व.मा तीन जना कर्मचारीहरू सामान्य घाइते हुनु भएको थियो ।

विपिसिले एकिकृत गुणस्तर तथा वातावरण नीति अवलम्वन गरेकोछ । व्यवसायिक इकाईहरूले व्यवसायिक गतिविधिहरू वातावरण मैत्री तरीकावाट संचालन गरेका छन् । विपिसिले स्थानियहरू संग हातेमालो गर्दै काठमाण्डौ स्थित धोवी खोलाको किनारा सफा गरेर विश्व वातावरण दिवस २००९ मनायो । साथै सो अवसरमा वुटवल कार्यलय परिसरमा वृक्षा रोपण गऱ्यो ।

१०. औधोगिक संलग्नता तथा कर्मचारी सम्वन्ध

विपिसि नेपाल उद्योग वाणिज्य महासंघ तथा स्वतन्त्र उर्जा उत्पादक संघसंग आवद्ध छ ।
विपिसिले व्यवस्थापन तथा कर्मचारी विचको असल सम्वन्ध कायम राख्नको लागि प्राथमिकता दिदै आएको छ । यसले कम्पनीको हालको आवश्यकता तथा भविश्यको वृद्धिलाई परिपूर्ति गर्नको लागि तालिम प्राप्त समर्पित मानव संशाधनमा जोड दिदै आएकोछ । कर्मचारीको कार्य दक्षता अभिवृद्धिको लागि विभिन्न तालिमहरू प्रदान गरिएको छ ।

विपिसिले व्यवसायिक कर्मचारीहरूलाई कम्पनीमा रहन (Retention) को लागि सधै प्राथमिकता दिंदै आएकोछ ।

कर्मचारी सम्वन्ध अधिकृतको नियूक्त गरी कर्मचारीका मुद्दा, परिमर्का तथा सरोकारहरूलाई सम्वोधन गर्ने संयन्त्रलाई अझ दरिलो बनाइएकोछ । यस पहल कदमीवाट व्यवस्थापन तथा कर्मचारी विच सूचना संप्रेषणको कार्यमा प्रभावकारीता आउने अपेक्षा गरिएकोछ ।

११. जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन व्यवसाय संचालनको अभिन्न अंगको रूपमा रहेको छ । विद्युत केन्द्रका यन्त्रहरूको संचालन रोकिने कार्य कम गर्नको लागि प्रभावकारी निरोधात्मक मर्मत योजना अवलम्वन गरिएकोछ । आँधिखोला विद्युत केन्द्रको मुख्य मुख्य यन्त्रहरू रोकिने र त्यसवाट हुने फोर्स आउटेजलाई कम गर्न तथा भिमरूक विद्युत केन्द्रको टर्वाइन खिइने समस्यालाई हल गर्नको लागि विशेष प्रथामिकता दिइएकोछ । दुवै विद्युत केन्द्रहरूमा आवश्यक स्पेयर पार्टस् पर्याप्त मात्रामा तयारी हालतमा राखिएका छन् । आँधिखोला विद्युत

केन्द्रको क्षमता वृद्धि पश्चात मुख्य मुख्य यन्त्रहरू रोकिने र त्यसवाट हुने फोर्स आउटेज उल्लेख्य मात्रामा घट्ने छ ।

विपिसिले वितरण प्रणालीको विश्वसनियता सुनिश्चित गर्नको लागि वितरण लाइनहरूको नियमित मर्मत संभार गर्दै आएकोछ ।

पर्याप्त मात्रामा विमा गरी विपिसिले आफ्ना सम्पत्तिको सुरक्षण तथा जोखिमहरू न्यून गरेकोछ ।

१२. आन्तरिक नियन्त्रण

विपिसिले एकिकृत गुणस्तर तथा वातावरण व्यवस्थापन प्रणाली अवलम्वन गरेकोछ । व्यवसायिक प्रक्रियाहरू तथा व्यवसायिक आवश्यकताका आधारमा आन्तरिक नियम, विनियम तथा निर्देशनहरू निर्माण गरिएका छन् ।

त्यसका अतिरिक्त कम्पनीको सम्पत्तिको जोखिम व्यवस्थापन, वित्तिय तथा लेखा सम्वन्धी प्रक्रियाहरू र नियन्त्रणहरू सम्वन्धमा स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गराउँदै आइएकोछ । आन्तरिक लेखापरीक्षकको शिफारिस तथा लेखापरीक्षण समितिका निर्णयहरू यथा समयमा कार्यन्वयन गरिएकोछ ।

१३. वाह्य लेखापरीक्षण

श्री सुन्दर एण्ड कम्पनीले विपिसिको आ.व. २०६५।६६ को हिसाव कितावहरूको लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकवाट कम्पनीको वित्तिय विवरणहरू उपर कुनै नकरात्मक प्रतिवेदन प्राप्त भएको छैन ।

१४. शेयरधनीहरूको सुझाव

शेयरधनीहरूका सुझावहरूलाई गम्भिरतापूर्वक लिइएकोछ र ति सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यन्वयन गर्न संभव ठानिएका सवै प्रयासहरू गरिएकोछ ।

१५. सहायक कम्पनीहरूसंग भएका प्रमुख कारोवारहरू

विपिसिले सहायक तथा सम्वद्ध कम्पनीहरूसंग गरेका प्रमुख कारोवारहरू आ.व. २०६५।६६ को वित्तिय विवरणहरूमा खुलाइएकोछ ।

१६. लाभांश

संचालक समितिले आ.व. २०६५।६६ को खुद नाफावाट चुक्ता पूंजीको वीस प्रतिशत नगद लाभांश तथा दश प्रतिशत वोनस शेयर सिफारिस गरेकोछ । प्रस्तावित लाभांश शेयरधनीहरूलाई निरन्तररूपमा लाभ दिंदै जाने लाभांश नीतिमा आधारित रहेकोछ ।

१७. आगामी वर्ष

आ.व. २०६६।६७ मा चालु परियोजनाहरूको निर्माण गर्ने तथा इन्जिनियरिङ व्यवसायलाई सहायक कम्पनी हाइड्रो कन्सल्ट मार्फत विस्तार गर्ने तथा द्रुत गतिमा अगाडि वढाउने कार्य गरिनेछ ।

आँधिखोला क्षमता वृद्धि परियोजना तथा न्यादी जलविद्युत परियोजनाको निर्माण प्रारम्भ हुने अपेक्षा गरिएको छ । भिमखोला जलविद्युत परियोजना तथा मर्स्याङदी तेश्रो जल विद्युत परियोजनाको संभाव्यता अध्ययनहरूलाई पुनरावलोकन तथा सुधार गरिनेछ । लोअर मनाङ मर्स्याङदी जल विद्युत परियोजना तथा कावेली ए जलविद्युत परियोजनाको संभाव्यता अध्ययनको कार्यलाई अगाडि वढाइनेछ । विपिसिले ग्रामिण विद्युतीकरण कार्यक्रम मार्फत २४०० नयाँ उपभोक्ताहरूलाई आफ्नो वितरण संजालमा थप गर्ने लक्ष राखेकोछ ।

१८. धन्यवाद ज्ञापन

अन्त्यमा, संचालक समिति अर्न्तगतका समितिहरू, व्यवस्थापन समूह तथा संपूर्ण कर्मचारीहरूलाई उहाँहरूले विपिसिको प्रगतिको लागि गर्नु भएको सर्मपण तथा योगदानको लागि धन्यवाद दिन चाहन्छौं । कम्पनीको प्रगतिको लागि आ.व.२०६५।६६ मा प्रत्यक्ष वा परोक्ष रूपले सहयोग गर्ने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, नर्वे सरकारको वैदेशिक मामिला सम्बन्धी मन्त्रालय, यू.यस एड तथा अन्य दातृ संस्थाहरू, उपभोक्ताहरू, ठेकेदारहरू, सहयात्री संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरू प्रति आभार प्रकट गर्दछौं ।

शेयरधनीहरूले यस कम्पनी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।
संचालक समितिको तर्फवाट

पद्म ज्योति
अध्यक्ष
मितिः २०६६।०९।२४

आ.व. २०६५।६६ को संक्षिप्त आर्थिक विवरण

(कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम)

१. विश्व अर्थ व्यवस्थामा छाएको मन्दीको प्रभाव नेपाली अर्थ व्यवस्थामा कमै मात्रामा परेको भएतापनि नेपालको आन्तरिक राजनितिक अस्थिरता तथा विद्युत संकटको कारण नेपालको अर्थ व्यवस्था खस्किदो अवस्था तर्फ धकेलिन पुग्यो ।

२. सुख्खा याममा नदीमा पानीको वहाव तथा हल्का मौसमी वर्षाका कारण नेपाली जलविद्युत उत्पादन कम्पनीहरूले आफ्ना विद्युत गृहवाट क्षमता अनुरूप विद्युत उत्पादन गर्न सकेनन् र विपिसिका विद्युत उत्पादन केन्द्रहरूवाट समेत अपेक्षित विद्युत उत्पादन हुन सकेन । यद्यपी, उल्लेखित चुनौतिहरूका वावजुद विपिसिका लागि आ.व. २०६५।६६ सफल वर्ष रह्यो ।

३. कम्पनीको आ.व. २०६५।६६ को वित्तिय झलकहरू यस प्रकार रहेको छ । वासलात तथा नाफानोक्सानको विवरण यसैसाथ संलग्न गरिएको छ ।

विवरण	२०६५/०६६ रू. हजारमा	२०६४/०६५ रू. हजारमा	फरक %
थोक विद्युत विक्रीबाट आम्दानी	३७५,१०३	३७२,५२२	०.७०
उपभोक्तालाई विद्युत र सेवा विक्रीबाट आम्दानी	६३,७३७	५५,३१७	१५.२२
इन्जिनियरिङ तथा परामर्श सेवाबाट आम्दनी	२८,१०८	१८,८९४	४८.७७
जम्मा संचालन आम्दानी	४६६,९४८	४४६,७३२	४.५२
जम्मा संचालन खर्च	१५६,१४८	१४७,६८५	५.७३
कूल संचालन नाफा	३१०,८००	२९९,०४६	३.९३
अन्य आय	१६०,०३४	१९९,००७	-१९.६२
प्रशासनिक तथा अन्य खर्च	१५७,३३६	१२५,२७०	२५.६०
वाँडफाँड अघीको खुद मुनाफा	२९१,५९२	३५३,८७९	-१७.६०
प्रतिशेयर आम्दानी रू.	३४.७५	४२.१८	-१७.६०
नेटवर्थ रू. दश लाखमा	१,४१७	१,२९४	९.५०

४. नदीमा पानीको उपलब्धता कम भएको कारणवाट विद्युत उत्पादनमा कमी आएको छ । वितरण व्यवसाय अर्न्तगत २३०५ नयाँ उपभोक्ताहरू थप भएका छन । त्यसै गरी इन्जिनियरिङ व्यवसायले कार्य सम्पादनमा उल्लेख्य सुधार गरेको छ ।

५. कम्पनीले इन्जिनियरिङ व्यवसायलाई अझ सशक्तरूपमा अगाडि बढाउनको लागि इन्जिनियरिङ तथा परामर्श व्यवसायलाई पुर्नसंरचना गरेकोछ । फलस्वरूप विपिसिको असी प्रतिशत स्वामित्व हुने गरी हाइड्रो कन्सल्ट प्रा. लि. लाई प्राप्ती (Acquisition) गरी हालको इन्जिनियरिङ व्यवसायलाई त्यसमा विलय (Merge) गरिएकोछ । यसवाट इन्जिनियरिङ तथा परामर्श व्यवसायको विस्तारका अलावा अन्तराष्ट्रिय कम्पनीहरूसंग रणनीतिक साझेदारी विकास गरी विश्व वजारमा उपलब्ध अवसरहरूलाई उपयोग गर्नको लागि मद्धत पुग्ने अपेक्षा गरिएको छ ।

६. कम्पनीले विवेक संगत संस्थागत सुशासनका मूल्य मान्यता तथा विकसित अभ्यासहरूलाई पालना गर्दै आएकोछ र संस्थागत सुशासन सम्वन्धी प्रतिवेदन तयार गर्दै सवै समक्ष सार्वजनिक गर्दै आएकोछ ।

७. आ.व. २०६५।६६ मा सहायक तथा सम्वद्ध कम्पनीहरूको कार्य सम्पादन यस प्रकार रह्यो ।

(क) कम्पनीले हिमाल पावर लि.को शेयरहरू खरीद गरेको छ । हाल विपिसिको हिमाल पावर लि.मा शेयर स्वामित्व १४.९% वाट बढेर १६.८८% पुगेकोछ । हिमाल पावर लि.ले रू. १,५८०,५१३,५४५ खुद नाफा गर्न सफल भएको छ ।

(ख) बिपिसि सर्भिसेज लि.ले खुदी जलविद्युत केन्द्रको संचालन तथा मर्मत संभारको कार्य वर्ष भरी गऱ्यो । यस कम्पनी रू. १,३८४,५६४ खुद नाफा गर्न सफल भएको छ ।

(ग) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. संयूक्त उपक्रममा लिएको परियोजनामा भएको नोक्सानको कारण रू. १४,१६८,३०९ खुद नोक्सान वेहोर्नु पऱ्यो । यद्यपी यस कम्पनीले हालै विश्व वैंकले लगानी गरेको विभिन्न परियोजनाहरू हात पार्न सफल भएकोछ ।

(घ) खुदी हाइड्रोपावर लि.ले खुदी खोलामा आएको वाढीको कारण २०६५।५।११ देखी २०६५।१०।१५ सम्म संपूर्णरूपले आफ्नो विद्युत केन्द्र बन्द गर्न पऱ्यो, जसको कारणवाट रू. ३६,४३८,४४२ नोक्सान वेहोर्नु पऱ्यो । हाल उक्त विद्युत केन्द्र नियमित संचालनमा रहेको छ र पानीको उपलब्धता अनुसार सन्तोषजनकरूपमा विद्युत उत्पादन गरिरहेको छ ।

(ङ) २० मेगावाट क्षमताको न्यादी जलविद्युत परियो जना निर्माणको लागि न्यादी हाइड्रोपावर लि. स्थापना गरी कार्य अगाडि बढाइएको छ । उक्त परियोजनाको निर्माण कार्य चाँडै शुरू हुने अपेक्षा गरिएको छ ।

(छ) हाइड्रो ल्याव प्रा.लि.ले विभिन्न परियोजनाहरूको हइड्रो लिक तथा सेडिमेण्ट सम्वन्धी अध्ययन अनुसन्धानको सेवा गर्दौ आएको छ । यस कम्पनीले रू.५,०० ९२,१२८ नाफा आर्जन गर्न सफल भएकोछ ।

(ज) केटोन हाइड्रोपावर लि.को स्थापना ४२ मेगावाट क्षमताको मर्स्याङदी तेश्रो जलविद्युत परियो जना निर्माणको लागि गठन गरिएको हो । उक्त परियोजनाको संभाव्य अध्ययनको कार्य सम्पन्न भई सो अध्ययनवाट रन अफ दि रिभर मोडलमा उक्त परियोजनाको निर्माण गर्न त्यति फलदायी नहुने भन्ने देखिएकोले उक्त परियोजनालाई दैनिक पानी जम्मा गरी विद्युत उत्पादन गर्ने परियोजनाको रूपमा निर्माण गर्ने सम्वन्धमा मुल्यांकन भई रहेकोछ ।

८. चालु चार परियोजनाहरू विभिन्न चरणमा रहेका छन् । ९.४ मेगावाट क्षमताको आँधीखोला क्षमतावृद्धि परि योजना निर्माण कार्य शुरू गर्ने पूर्व सन्ध्यामा रहेको छ । ९ मेगावाट क्षमताको भिमखोला जलविद्युत परियोजनाको प्रारम्भिक वातावरणिय मुल्यांकन प्रतिवेदन सरकारवाट स्वीकृत भएकोछ । ३० मेगावाट क्षमताको कावेली ए जलविद्युत परियोजनाको सरकारसंग परियोजना विकास सम्झौतकोलागि आवश्यक तयारीहरू भईरहेको छ । त्यसै गरी ९३ मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी जलविद्युत परियोजनाको संभाव्यता अध्ययनको कार्य शुरू भएकोछ ।

९. आ.व. २०६६।६७ मा आँधिखोला क्षमतावृद्धि परियोजना तथा न्यादी जलविद्युत परियोजनाको निर्माण कार्य शुरू हुने अपेक्षा गरिएको छ । भिमखोला जलविद्युत परियोजना तथा मर्स्याङदी तेश्रो जलविद्युत परियोजनाको संभाव्यता अध्ययनलाई पुनरावलोकन गरिनेछ । कावेली ए जलविद्युत परियो जना एवं लोअर मनाङ मर्स्याङदी जलविद्युत परियो जनाको संभाव्यता अध्ययनको कार्यलाई द्रुत गतिमा अगाडि वढाइनेछ । त्यसै गरी ग्रामिण विद्युतिकरण परियोजना अर्न्तगत २४०० नयाँ उपभोक्ताहरू थप गरिनेछ ।

१०. संचालक समितिले शेयरधनीहरूलाई आ.व. २०६५।६६ को लागि चुक्ता पूंजीको २० (वीस) प्रतिशत लाभांश तथा १० (दश) प्रतिशत वोनस शेयर वितरणको लागि कम्पनीको १७ औं वार्षिक साधारण सभामा शिफारिस गरेको छ ।

११. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनको संक्षिप्त रूप हो ।

१२. कम्पनीका लेखापरीक्षकद्धारा कम्पनीको वार्षिक हिसाव विवरण तथा लेखा सम्बन्धी विवरणमा कुनै कैफियत जनाउनु भएको छैन ।

१३. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदन अनुरूप छ ।

रंजन लोहार
प्रमुख कार्यकारी अधिकृत

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

वासलात

२०६६ आषाढ ३१ गते

विवरण	आ. व. २०६५/६६	आ. व. २०६४/६५
कोषको श्रोत		
१ शेयरहोल्डरहरूको कोष		
शेयर पूंजी	८३९,०५७,७००	८३९,०५७,७००
जगेडा तथा वचत	५७८,२०१,५८६	४५५,०९६,७९४
जम्मा शेयरहोल्डरहरूको कोष	१,४१७,२५९,२८६	१,२९४,१५४,४९४
२ विविध कोष		
ग्रान्ट जगेडा	१२९,००७,५३१	१०१,६६५,४२५
जम्मा विविध कोष	१२९,००७,५३१	१०१,६६५,४२५
जम्मा	१,५४६,२६६,८१७	१,३९५,८१९,९२०
कोषको प्रवाह		
१ अचल सम्पत्ति		
कुल अचल सम्पत्ति	१,३९९,४५०,३१३	१,३०२,३१३,८४७
न्युनः ह्रासकट्टी	६३४,११०,८२३	५७६,५७१,४६८
खुद अचल सम्पत्ति	७६५,३३९,४९०	७२५,७४२,३७९
२ पूजीगत कार्य प्रगती	७,४०५,६२४	७,२४७,२९०
३ शेयर लगानी	६८३,५४९,७६१	४७७,८५७,६०९
४ चालु सम्पत्ति		
मौज्दात	९२,७२३,११०	७४,६४६,५५१
आसामी तथा प्राप्य रकम	१७१,३५९,३७४	८८,४०७,१७२
नगद तथा वैक मौज्दात	२९१,६८७,१५८	४१२,६३४,६०९
चालु कार्य प्रगती	३५,७४८,९९७	२९,९४३,८४८
पेस्की तथा धरौटी भुक्तानी	२१०,६५१,४८७	१७०,४४७,१७६
जम्मा चालु सम्पत्ति	८०२,१७०,१२७	७७६,०७९,३५७
५ न्युन चालु दायित्व		
वैक ऋण	१८१,०२३,३०९	१८३,९५५,८४१
साहु तथा भुक्तानी गर्नुपर्ने	४३४,०५०,०२६	३५६,९३३,८८०
पेस्की तथा धरौटी प्राप्त	३६,१९९,८०२	२९,४३३,२३०
व्यवस्थाहरू	६६,६६०,०४९	२५,५४८,३४२
जम्मा चालु दायित्व	७१७,९३३,१८६	५९५,८७१,२९३
खुद चालु सम्पत्ति	८४,२३६,९४१	१८०,२०८,०६४
६ पर सारीएको खर्च	५,७३५,००१	४,७६४,५७८
जम्मा	१,५४६,२६६,८१७	१,३९५,८१९,९२०

रंजन लोहार
प्रमुख कार्यकारी अधिकृत

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

नाफा नोक्सान हिसाब

आ.व. २०६५/६६

विवरण	आ. व. २०६५/६६	आ. व. २०६४/६५
संचालन आम्दानी		
नेपाल विधुत प्राधिकरणलाई विधुत विकि	३७५,१०३,०७८	३७२,५२१,४६१
उपभोक्ताहरूलाई विधुत विकि	५५,६९७,१२०	४९,१६६,०३२
विधुत सेवा	८,०४०,१४२	६,१५०,५६७
परामर्श सेवा	२८,१०८,२२७	१८,८९३,७१९
जम्मा संचालन आम्दानी	४६६,९४८,५६६	४४६,७३१,७७९
संचालन खर्चहरू		
उत्पादन खर्चहरू	८८,४९१,३३३	८२,५१४,३९८
वितरण खर्चहरू	४८,६९९,८१५	४८,४२७,९७६
परामर्श खर्चहरू	१८,९५७,०७९	१६,७४३,०१९
जम्मा संचालन खर्चहरू	१५६,१४८,२२७	१४७,६८५,३९३
कुल संचालन नाफा	३१०,८००,३३९	२९९,०४६,३८६
प्रसासनिक तथा अन्य खर्चहरू		
प्रसासनिक खर्चहरू	६४,१५९,२२३	५३,५०८,५८६
ह्रासकट्टी	६१,८७२,५५२	५५,१०२,९३९
सम्भावित लगानीको नोक्सान व्यवस्था	२१,४९१,२९४	६,८६८,९७३
तालिम तथा प्रविधि हस्तान्तरण खर्च	१,९००,५५४	२,५४३,६७८
ब्याज खर्च	७,९१२,६८२	७,२४५,६९९
जम्मा प्रसासनिक तथा अन्य खर्चहरू	१५७,३३६,३०५	१२५,२६९,८७५
अन्य श्रोतबाट आम्दानी		
ब्याज आम्दानी	११,२७२,१०९	१६,४९५,०५९
अन्य आम्दानी	६,६३६,०९३	१,९८१,७७३
अनुदान सहयोग अंशको आम्दानी	५,८६६,३०५	५,२७६,१०३
लाभांश आम्दानी	१०४,८४२,७०१	१५६,८९४,१७०
बिदेशी मुद्रा विनिमय लाभ	३०,८०९,४००	१८,२१७,२६३
सम्पत्ति तथा कवाडि बस्तु बिकि लाभ	६०७,७३९	१४२,८३४
जम्मा अन्य श्रोतवाट आम्दानी	१६०,०३४,३४७	१९९,००७,२०१
बोनस र कर अघिको नाफा	३१३,४९८,३८१	३७२,७८३,७१२
कर्मचारी बोनस	९,६५९,३२९	९,५०३,६४१
संस्थागत आयकर व्यवस्था	१२,२४६,८८९	९,४००,६९१
बाडफाड अघिको खुद मुनाफा	२९१,५९२,१६३	३५३,८७९,३८०

नाफा नोक्सानको बाडफाड हिसाब

विवरण	आ. व. २०६५/६६	आ. व. २०६४/६५
गत बर्षको बाँकी	३०६,३९६,७९४	२२२,८०५,०६६
यस बर्षको नाफा	२९१,५९२,१६३	३५३,८७९,३८०
जम्मा	५९७,९८८,९५७	५७६,६८४,४४६
न्युनः प्रस्तावित लाभांश	(१६७,८११,५४०)	(२५१,७१७,३१०)
जम्मा लाभांश	(१६७,८११,५४०)	(२५१,७१७,३१०)
विगत वर्षको समायोजन	(६७५,८३१)	(१८,५७०,३४१)
संचित मुनाफा वासलातमा सारेको	४२९,५०१,५८६	३०६,३९६,७९४

रंजन लोहार
प्रमुख कार्यकारी अधिकृत

सुन्दर मान श्रेष्ठ
सुन्दर एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

बुटवल पावर कम्पनी लिमिटेडको

प्रवन्धपत्रमा संसोधनको निमित्त तिन महले विशेष प्रस्ताव

हालको व्यवस्था	संसोधित व्यवस्था	संसोधनको कारण
दफा ३. कम्पनी को उद्देश्य:- कम्पनी को उद्देश्य देहाय बमोजिम हुनेछ :- क) नेपालमा जलशक्तिको श्रोतहरूको विकाशको लागि श्री ५ को सरकारलाई सहयोग गर्ने । ख) खोजकार्यहरू गरी विद्युतशक्ति उत्पादन, प्रसारण तथा बितरण संग संम्बन्धित नयां आयोजनाहरू तयार गर्ने । ग) जल वा अन्य साधनबाट विद्युतशक्ति उत्पादन गर्ने । घ) उच्च तथा कम भोल्टेजका प्रसारण लाईनहरूमा विद्युत प्रसारण गर्ने । ङ) विद्युतशक्ति को थोक खरिद विक्री गर्ने । च) विद्युतशक्ति सोझै उपभोक्तालाई विक्री वितरण गर्ने । छ) माथि उल्लेखित कार्यहरूको लागि आवश्यक जडानहरू स्वामित्वमा लिने, संचालन गर्ने तथा मर्मत गर्ने । ज) जलश्रोत तथा विद्युतशक्तिको बिकाशको क्षेत्रमा परामर्श सेवाहरू उपलब्ध गराउने । झ) निजी वा सरकारी क्षेत्रका बिद्युत सेवाहरू र विद्युत उपभोक्ताहरूको संगठन लाई प्राविधिक, व्यवस्थापकिय र लेखा सम्बन्धी परामर्श सेवाहरू उपलब्ध गराउने । ञ) माथिका उद्देश्यसंग सम्बन्धित अरू उद्योगको स्थापनाको लागि प्रवर्धन गर्ने र त्यसमा लगानी गर्ने । ट) माथिका उद्देश्यसंग सम्बन्धित अरू किसिमका ब्यापारिक कार्यहरूमा संलग्न हुने ।	**दफा ३. कम्पनी को उद्देश्य**:- १) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :- क) विद्युतशक्ति उत्पादन, प्रसारण तथा बितरण सम्वन्धी नयाँ आयोजनाहरूको पहिचान गर्ने, सर्वेक्षण गर्ने तथा आयोजना कार्यान्वयनको लागि तयार गर्ने । ख) जल वा अन्य साधनबाट विद्युतशक्ति उत्पादन गर्ने । ग) उच्च तथा कम भोल्टेजका प्रसारण लाईनवाट विद्युत प्रशारण गर्ने तथा सो सम्वन्धी सेवा प्रदान गर्ने । घ) विद्युतशक्ति को थोक खरिद विक्री गर्ने । ङ) उपभोक्ताहरूलाई सोझै विद्युत सेवा उलपब्ध गराउने । च) जलश्रोत तथा विद्युत बिकाशको क्षेत्रमा इन्जिनियरिङ परामर्श सेवा प्रदान गर्ने । छ) विद्युत गृह, विद्युत प्रसारण तथा वितरण लाईनको निर्माण, संचालन, ब्यवस्थापन तथा मर्मत संभारको सेवा प्रदान गर्ने । ज) माथि उल्लेखित उद्देश्य कार्यान्वयन गर्न सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी संस्थापना गर्ने तथा त्यसमा लगानी गर्ने । झ) कम्पनीको उद्देश्यहरूसंग सम्बन्धित उद्योगको प्रवर्धन गर्ने र त्यस्ता उद्योगहरूमा लगानी गर्ने । ञ) कम्पनीका उद्देश्य प्राप्तीको निमित्त आवश्यक र सहायक हुने अन्य कामहरू गर्ने । २) कम्पनीले उपदफा १) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ । ३) उपदफा १) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।	जलविद्युत नीति, २०५८ तथा व्यवस्थापिका संसदमा दर्ता भई विचार धिन रहेको विद्युत ऐन अनुरूप विद्युत उत्पादन, प्रशारण, वितरण तथा सो संग सम्वन्धित इन्जिनियरिङ सेवा सम्वन्धी व्यवसाय फरक फरक कम्पनी मार्फत संचालन गर्नको लागि व्यवस्था गर्न वान्छनिय भएको संसोधन प्रस्ताव गरिएको ।

हालको व्यवस्था	संसोधित व्यवस्था	संसोधनको कारण
	४) उपदफा १) मा उल्लिखित उद्देश्य प्राप्तीका लागि प्रचलित कानूनको अधिनमा रही अलग अलग कम्पनी संस्थापना गर्न र हाल कम्पनीले संचालन गरेको व्यवसाय त्यस्ता नयाँ कम्पनीहरू मार्फत संचालन गर्न सकिने छ ।	
दफा ४. कम्पनीको उद्देश्य प्राप्तीको लागि गरिने अन्य कामहरूः- कम्पनी ले आफ्नो उद्देश्य प्राप्तीको लागि देहाय बमोमिका कामहरू गर्ने सक्नेछः- क) माथि उल्लेखित उद्देश्यहरू परिचालन गर्न आवश्यक इजाजतपत्रको लागि नेपाल सरकारमा दरखास्त दिने तथा अनुमति पत्र प्राप्त गर्ने । ख) कम्पनी को प्रवर्धन, संस्थापन तथा दर्ता गर्दा लागेको खर्च भुक्तानी दिने । ग) कम्पनी ऐन बमोजिम विवरण पत्र प्रकाशित गरी सर्वसाधरण लाई शेयर बिक्री गर्ने । घ) नयां शेयर बिक्रि गर्दा कम्पनीका पुराना शेयरवाला र कामदारहरूको लागि शेयर किन्न पाउने अग्राधिकार सुरक्षित गर्ने । ङ) सम्पत्ति को पुनर्मुल्याङ्कन गर्ने । च) सम्पत्ति को अवलेखन गर्ने र शेयर पुंजि घटाउने । छ) कम्पनी को कार्य संचालनको निमित्त आवश्यक अधिकृत कर्मचारी तथा कामदारहरू नियुक्ति र बरखास्त गर्ने तिनिहरूलाई तालिम दिने, पारिश्रमिक तथा अन्य सुबिधाहरू प्रदान गर्ने । ज) कम्पनीद्धारा संचालित कार्यहरूको लागि आवश्यक जग्गा खरिद गर्ने वा भाडामा लिने वा अन्य किसिमले ब्यवस्था गर्ने । झ) देशको बिभिन्न भागमा शाखाहरू खेल्ने । ञ) माथि उल्लेख गरिएका उद्देश्य प्राप्त गर्न आवश्यक कार्यलयहरू, गोदामहरू (भण्डार), कार्यशाला, आवाश तथा अन्य सुविधाहरूको निर्माण गर्ने र तिनिहरू स्वामित्वमा राख्ने वा भांडामा दिने । ट) आफ्नो स्वामित्वमा लिने वा राख्ने सामग्रीहरू, सवारी साधनहरू, उपकरणहरू, मेशिनतथा तिनीहरूका पाटपुर्जाहरू खरिद गर्ने, आयात गर्ने, भाडामा लिने, सापटी लिने वा अन्य किसिमबाट प्राप्त गर्ने । ठ) कम्पनीको सम्पत्तिमा आवश्यकता अनुसार सुधार विकाश गर्ने । ड) मुनाफा बढने गरी अन्य व्यक्ती, फर्म वा कम्पनी संग ब्यापारीक कामको लागी सम्झौता गर्ने ।	दफा ४. कम्पनी को उद्देश्य प्राप्तीको लागि गरिने अन्य कामहरूः- यस कम्पनीले दफा ३ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरू गर्न सक्नेछ :- क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने, ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्ने, ग) कम्पनीको नाममा बैक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने, घ) कम्पनीलाई आवश्यक पर्ने रकम राष्ट्रिय तथा अन्तराष्ट्रिय बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीको सम्पत्ति धितो राखी वा नराखी कर्जा लिने वा डिवेन्चर जारी गरी वा अन्य किसिमवाट ऋण उठाउने, ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने । च) कम्पनीको उद्देश्य प्राप्त गर्नको लागि गरिने कामका लागि आवश्यक इजाजत पत्र प्राप्त गर्न निवेदन दिने र प्राप्त गर्ने । छ) कम्पनीको आवश्यकता अनुसार शाखा कार्यालय खोल्ने । ज) कम्पनीको उद्देश्य प्राप्तीको लागि अन्य कुनै कम्पनी वा संस्थासंग मिलेर कार्य गर्ने । झ) कम्पनीले सञ्चालन गरेको व्यवसायहरू आवश्यक र उपयूक्त देखिएमा सहायक कम्पनी खोली सोही सहायक कम्पनीमा हस्तान्तरण गरी सञ्चालन गर्ने । ञ) सहायक कम्पनीको प्रवर्धन तथा बिकाशको लागि आवश्यक उपायहरू अवलम्वन गर्ने । ट) कम्पनीको उद्देश्य प्राप्त गर्न आवश्यक र सहायक हुने सबै प्रकारका कार्यहरू गर्ने । ठ) कम्पनीको हितको लागि कम्पनी को सम्पत्ति वा अधिकारहरू मध्ये केहि वा सबै धितो वा बन्धक दिने, सट्टपट्टा गर्ने वा अन्य किसिमले ब्यवस्था गर्ने, ड) ऋण दिने वा ऋणको लागि जमानत दिने ।	कम्पनी ऐन, २०६३ ले तोकेको नयाँ ढाँचा अनुसार परिमार्जन गर्न वान्छनिय ठानिएको ले संसोधन प्रस्ताव गरिएको ।

हालको व्यवस्था	संसोधित व्यवस्था	संसोधनको कारण
ढ) त्यस्तै व्यवसाय गरी रहेका अरू फर्म वा कम्पनीलाई खरीद गर्ने वा गाभ्ने । ण) बिदेशी व्यक्ति फर्म कम्पनी वा संस्थालाई शेयर बिक्री गर्ने वा/र तिनिहरूसंग संयुक्त भै काम गर्ने । त) कम्पनीको स्वामित्वमा रहेको जग्गा भवनहरू उपकरण र अरू सम्पत्ति अन्य ब्यक्ति वा सहायक कम्पनी लाई बिक्री गरी वा अन्य ब्यहोराबाट हक छोडि दिने । थ) कम्पनीले गरेको कार्यहरू गर्नेगरी छुट्टै उद्योग वा सहायक कम्पनी स्थापना गर्ने वा/र कम्पनीलाई हुने अनावश्यक वा अवान्छित कार्यहरू बन्द गर्ने । द) डिबेन्चर जारी गरी वा अन्य किसिमले ऋण उठाउने । ध) कम्पनी ऐन बमोजिम कम्पनी को सम्पत्ति धितो वा जमानतमा दिई वा नदिई (हईपो थिकेशनमा) स्वदेशि वा विदेशी ब्यक्ति, फर्म, कम्पनी वा संस्थासंग ऋण लिने । न) कम्पनी को हितको लागि कम्पनी को सम्पत्ति वा अधिकारहरू मध्ये केही वा सबै धितो वा बन्धक दिने, सट्टपट्टा गर्ने वा अन्य किसिमले ब्यवस्था गर्ने । प) बैंकमा खाता खोल्ने र संचालन गर्ने तथा कम्पनीद्धारा गरिने खर्चहरूको भूक्तानी दिने । फ) उपलब्ध पुंजी लाई कम्पनी को हित हुने गरी लगानी गर्ने । ब) चेक, हुण्डी, विल वा अन्य हस्तान्तरण हुने भूक्तानीका साधनहरू बनाउने, खिच्ने, स्वीकार गर्ने, दरपिठ गरिदिने र सट्टपट्टा लिने तथा दिने । भ) ऋण दिने वा/र अरूको लागि जमानत दिने । म) कम्पनी को उद्देश्य प्राप्त गर्न आवश्यक र सहायक हुने सबै प्रकारका कामहरू गर्ने ।		
दफा ५ कम्पनीको शेयर पूजी:- क) कम्पनी को अधिकृत पूँजी रू.१,५०,००,००,०००।- (एक अरब पचास करोड रूपैया) हुनेछ र सो रकम लाई रू १००।- (एक सय रूपै या) दरको १,५०,०००,०००।- (एक करोड पचास लाख) शेयर मा बिभाजन गरीने छ । ख) कम्पनी को जारी पूँजी रू, १,४०,००,००,०००।- (एक अरब चालीस करोड) हुनेछ र सो रकम लाई रू १००।- (एक सय रूपैया) दरको १,४०,००,०००।-	**दफा ५ कम्पनीको शेयर पूजी:-** क) कम्पनी को अधिकृत पूँजी रू.८,००,००,००,०००।- (आठ अरब रूपै या) हुनेछ र सो पूँजीलाई प्रतिशेयर रू. १०० दरका ८०,०००,००० साधारण शेयर र अग्राधिकार शेयरमा विभाजन गरिएको छ । ख) कम्पनीको जारी पूँजी रू.१,६९०,०००,०००।- (एक अरव उनान्सत्तरी करोड रूपैया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० दरका १६,९००,००० साधारण शेयर शेयरमा विभाजन गरिएको छ ।	कम्पनीको पूंजी वृद्धिगर्न वान्छनिय भएको संसो धन प्रस्ताव गरिएको ।

हालको व्यवस्था	संसोधित व्यवस्था	संसोधनको कारण
(एक करोड चालीस लाख) शेयरमा बिभाजन गरीनेछ । ग) साधरण शेयर वा/र प्रीफरेन्स शेयर जारी गरी वा दुवै किसिमका शेयर संयुक्त रूपमा जारी गर्ने गरी निर्णय गर्ने अधिकार संचालक समिति लाई हुनेछ ।	ग) कम्पनीले प्रचलित कानूनको अधिनमा रही सर्वसाधारणमा शेयर निश्कासन गरी पूँजी उठाउन सक्नेछ ।	
दफा ७. शेयर को बिक्रि:- क) कम्पनी ऐन को अधिनमा रही विवरणपत्र प्रकाशित गरी कम्पनीको शेयर खुल्ला रूपमा सर्वसाधरण लाई बिक्री गरिनेछ । ख) प्रचलित कानुनको अधिनमारही कम्पनीको शेयर विदेशी ब्यक्ती, फर्म, कम्पनी वा संस्थालाई बिक्री गरिनेछ । ग) कम्पनी को शेयर धितो पत्र कारोवार ऐन, २०४० को अधिनमारही बिक्री गरिनेछ ।	**दफा ७. शेयर निश्काशन तथा विक्री**:- क) कम्पनीले हकप्रद निश्काशन, नयाँ निश्काशन वा/र अग्राधिकार शेयर निश्काशन गरी वा/र संचित मूनाफालाई पूंजीकरण गरी वोनस शेयर दिई चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ । तर हकप्रद शेयर निश्काशन भएको मा सर्वसाधारण वाहेक अन्य शेयरधनीले शेयर खरीद गर्न पाउने अधिकार उपयोग नगरेमा सर्बसाधारण वाहेकका शेयर धनीहरूले समानुपातिक रूपमा खरिद गर्न पाउने गरी सञ्चालक समितिले तोके वमो जिम विक्री गर्न सकिने छ । सर्वसाधारण शेयरधनीले हकप्रद शेयर खरिद गर्न पाउने अधिकार उपयोग नगरेमा त्यस्तो शेयर वढावढ गरी विक्री गरिनेछ । ख) कम्पनीले शेयर नयाँ निश्काशन गर्दा नयाँ निश्काशन भएको शेयर खरिद गर्ने शेयरधनीहरू सर्वसाधारण शेयरधनी समूह अर्न्तगत पर्नेछन् । ग) कम्पनीले नयाँ शेयर निश्काशन गर्दा प्रचलिन कानूनको अधिनमा रही निश्कासित शेयरको निश्चित प्रतिशत शेयर कम्पनीले निर्माण गरेको आयोजनाबाट प्रभावित क्षेत्र वा विद्युत उत्पादन केन्द्रहरू रहेको गाउँ विकास समिति वा नगरपालिकामा स्थायी वसोवास गर्ने जनता तथा कम्पनीमा तथा कम्पनीका सहायक कम्पनीमा कार्यरत कर्मचारीहरूले खरीद गर्न पाउने गरी सुरक्षित गरिदिन सक्नेछ ।	कम्पनीले चुक्ता पूजी वृद्धि गर्नको लागि अवलम्वन गर्न सकिने शेयर निश्काशन तथा विक्री सम्वन्धी व्यवस्था गर्न वान्छनिय भएकोले संसोधन प्रस्ताव गरिएको ।
	७.क कम्पनीको शेयरको किसिम: १) कम्पनीले साधारण र अग्राधिकार दुवै प्रकारका शेयर जारी गर्न सक्नेछ । २) अग्राधिकार शेयर जारी गर्दा अग्राधिकार शेयर सम्वन्धी व्यवस्था निम्न वमोजिम हुनेछ :- क) अग्राधिकार शेयर संख्या शेयर जारी गर्दा संचालक समितिले निर्धारण गरेवमोजिम हुनेछ र प्रति शेयरको मूल्य रू. १०० हुनेछ । ख) अग्राधिकार शेयरधनीले साधारण सभामा भाग लिन पाउने छैन । ग) अग्राधिकार शेयर साधारण शेयरमा परिणत हुने छैन ।	अग्राधिकार शेयर सम्वन्धी नयाँ व्यवस्था थप गर्न वान्छनिय भएकोल प्रस्ताव गरिएको ।

हालको व्यवस्था	संसोधित व्यवस्था	संसोधनको कारण
	घ) अग्राधिकार शेयर लाभांश सञ्चित हुदैजाने (Cumulative) र विमोच्य (Redeemable) हुनेछ ।	
	७.ख शेयर वापतको रकमको भुक्तानी : १) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रूपमा भुक्तानी माग गर्न सक्नेछ । २) शेयर वापत कम्पनीले माग गरेका रकमहरू निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ । ३) शेयर वापतको रकम माग गर्ने, माग गरेको र कम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरूको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।	शेयरको भूक्तानी सम्वन्धी नयाँ व्यवस्था गर्न वान्छनिय भएकोले प्रस्ताव गरिएको ।

बुटवल पावर कम्पनी लिमिटेडको

नियमावली संसोधनको निमित्त तिन महले विशेष प्रस्ताव

हालको व्यवस्था	संसोधित व्यवस्था	संसोधनको कारण
	२ ट "सर्वसाधारण शेयरधनी" भन्नाले कम्पनीको शेयर सर्वसाधारण जो सुकैले किन्न पाउने गरी आह्वान गरेको शेयर खरीद गर्ने शेयर धनी सम्झनु पर्छ र यस शब्दले त्यस्तो शेयर खरिद गर्ने कर्मचारी तथा सूचीकरण भएका शेयर धितोपत्र वजार मार्फत शेयर खरिद गर्ने व्यक्ति समेतलाई जनाउँछ ।	सर्वसाधारण शेयरधनीहरूको समूहको परिभाषा गर्न वान्छनिय भएको थप गर्न प्रस्ताव गरिएको ।
७. कम्पनीको शेयर पूजी:- क) कम्पनी को अधिकृत पूँजी रू.१,५०,००,००,०००।- (एक अरब पचास करोड रूपैया) हुनेछ र सो र कम लाई रू १००।- (एक सय रूपैया) दरको १,५०,००,०००।- (एक करोड पचास लाख) शेयर मा बिभाजन गरीने छ । ख) कम्पनी को जारी पूँजी रू, १,४०,००,००,०००।- (एक अरब चालीस करोड) हुनेछ र सो रकम लाई रू १००।- (एक सय रूपैया) दरको १,४०,००,०००।- (एक करोड चालीस लाख) शेयरमा विभाजन गरिनेछ । ग) साधरण शेयर वा/र प्रीफरेन्स शेयर जारी गरी वा दुवै किसिमका शेयर संयुक्तरूपमा जारी गर्ने भनी निर्णय गर्ने अधिकार संचालक समितिलाई हुनेछ ।	**७. शेयरको अंकित मूल्य** : यस कम्पनीको शेयरको अंकित मूल्य रू.१०० हुनेछ ।	कम्पनी ऐन, २०६३ ले तोकेको नयाँ ढाँचा अनुसार परिमार्जन गर्न वान्छनिय ठानिएकोले संसोधन प्रस्ताव गरिएको । कम्पनी ऐन, २०६३ ले तोकेको नयाँ ढाँचा अनुसार परिमार्जन गर्न वान्छनिय ठानिएकोले थप गर्न प्रस्ताव गरिएको ।

हालको व्यवस्था	संसोधित व्यवस्था	संसोधनको कारण
	७.क शेयरमा लियन रहने कुरा : शेयरधनीहरूले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरूका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ । ७.ख अग्राधिकार शेयर : अग्राधिकार शेयर सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ :- क) अग्राधिकार शेयरधनीले साधारण शेयर भन्दा अगाडि लाभांश प्राप्त गर्ने छन् । ख) अग्राधिकार शेयरधनीले प्राप्त गर्ने लाभांश त्यस्तो अग्राधिकार शेयर जारी गर्दा संचालक समितिले निर्धारण गरे वमोजिम हुनेछ । ग) अग्राधिकार शेयरधनीले पाउने लाभांश प्रत्येक वर्ष मुनाफा जोडिदै जाने (क्युमुलेटिभ) प्रकृतिको हुनेछ । घ) कम्पनी खारेज भएको अवस्थामा शेयरको रकम फिर्ता गर्दा अग्राधिकार शेयरको शेयरधनीले अग्राधिकार पाउने छ । ङ) अग्राधिकार शेयरको शेयरधनीहरूले साधारण सभामा भागलिने तथा मताधिकार प्रयोग गर्न पाउने छैन । च) अग्राधिकार शेयर साधारण शेयरमा परिवर्तन हुन सक्ने छैन । छ) अग्राधिकार शेयर जारी गर्दा शेयर वापतको रकम निश्चित अवधिपछि फिर्ता गर्न सकिने (रिडिमेवल) सम्वन्धमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम समयावधी तो की शेयर जारी गरिनेछ । (झ) अग्राधिकार शेयर वापतको रकम फिर्ता भूक्तानी गर्दा प्रिमियम दिने व्यवस्था गरिएको छैन ।	अग्राधिकार शेयर सम्वन्धी नयाँ व्यवस्था थप गर्न वान्छनिय भएकोले प्रस्ताव गरिएको । कम्पनीले चुक्ता पूजी वृद्धि गर्नको लागि अवलम्वन गर्न सकिने शेयर निश्काशन तथा विक्री सम्वन्धी व्यवस्था गर्न वान्छनिय भएको संसोधन प्रस्ताव गरिएको ।
दफा ९. शेयरको बिक्री :- क) कम्पनी ऐन को अधिनमा रही विवरणपत्र प्रकाशित गरी कम्पनीको शेयर खुल्ला रूपमा सर्वसाधरणलाई बिक्री गरिनेछ । ख) प्रचलित कानुन को अधिनमा रही संचालक समितिको पूर्व स्वीकृति लिई विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई समेत शेयर बिक्री गर्न सकिनेछ । ग) कम्पनी को शेयर धितो पत्र कारोवार ऐन, २०४० को अधिनमा रही बिक्री गरिनेछ ।	**दफा ९. शेयर निश्काशन तथा विक्री** क) कम्पनीले हकप्रद निश्काशन, नयाँ निश्काशन वा/र अग्राधिकार शेयर निश्काशन गरी वा/र वोनस शेयर दिई चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ । ख) कम्पनीले शेयर नयाँ निश्काशन गर्दा नयाँ निश्काशन भएको शेयर खरिद गर्ने शेयरधनीहरू सर्वसाधारण शेयर धनीहरूको समूह अर्न्तगत पर्ने छन् । ग) नयाँ शेयर निश्काशन गर्दा प्रचलिन कानूनको अधिनमा रही कम्पनीले निर्माण गरेको बिद्युत आयोजनाले प्रभाव पारेको क्षेत्र वा विद्युत उत्पादन केन्द्र रहेको गाउँ विकास समिति वा नगरपालिकामा स्थायी वसोवास गर्ने जनता तथा कम्पनीमा तथा कम्पनीका सहायक कम्पनीमा कार्यरत कर्मचारीहरूले खरीद गर्न पाउने गरी सुरक्षित गर्न सकिनेछ ।	शेयर जफत सम्वन्धी नयाँ व्यवस्था गर्न वान्छनिय भएकोले नयाँ थप प्रस्ताव गरिएको । लाभांश तथा वोनस शेयर एकैचोटी घोषणा गर्न सक्ने गरी व्यवस्था गर्न नयाँ थप प्रस्ताव गरिएको ।
	१५.क शेयर शेयर जफत सम्बन्धी व्यवस्था : कम्पनीले ऐनले तोकिदिएको प्रकृया पुरा गरी शेयर जफत गर्न सक्ने छ ।	
	२२ (१) (ज) माथीका खण्डहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले लाभांश घोषणा गर्ने शिफारिस गर्दा नगद लाभांश वा वोनस शेयर वा दुवै दिने गरी साधारण सभामा शिफारिस गर्न सक्नेछ ।	

बुटवल पावर कम्पनी लिमिटेडको

सत्रौं वार्षिक साधारण सभा
हाजिरी जनाउ पत्र

यो हाजिरी जनाउ पत्र भरी साधारण सभा स्थलको प्रवेशद्धारमा बुझाइदिनु अनुरोध गरिन्छ ।

शेयरधनीको नामः.....

शेयरधनीको ठेगाना :.....पो.व.नं. .....फोन नं..... मोवाइल नं. .....

शेयरधनी नं.: .....

शेयर प्र.प. नं.: .....

शेयर संख्या :.....

मिति २०६६।०९।२४ गते कम्पनीको कार्यालय, बुद्धनगर, वानेश्वरमा अपरान्ह ११.०० वजे शुरू हुने १७ औं वार्षिक साधारण सभामा भाग लिनको लागि स्वयं/प्रतिनिधि मार्फत उपस्थित भएको छु ।

.....
शेयरधनीको हस्ताक्षर

✂.....

प्रोक्सी – फारम

श्री संचालक समिति
बुटवल पावर कम्पनी लि.
बुद्धनगर, वानेश्वर, काठमाण्डौ ।
विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला .....म.न.पा/न.पा./गा.वि.स. वडा नं. ....., ... वस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०६६ साल पौष २४ गतेका दिन हुने १७ औं वार्षिक साधारण सभामा स्वंय उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.....जिल्ला .....म.न.पा/न.पा./गा.वि.स.वडा नं....., ...वस्ने श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः .....
दस्तखतः .....
ठेगानाः .....पो.व.नं. .....फोन नं.....
शेयरधनी नं.: .....
शेयर प्र.प.नं.: .....
शेयर संख्याः .....
मितिः .....